तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ०४ मितिः २०८०/०४/२१ गते


**भाग-२**

**तमानखोला गाउँपालिका**

## तमानखोला आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः** नेपालको संविधानको धारा ३५(१)तथा जनस्वास्थ्य सेवा ऐन ,२०७५ को दफा ३(४) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई कार्यान्वयन गर्न तथा स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (२) भ्र बमोजिम तमानखोला गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरिएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"तमानखोला आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तमानखोला गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) कार्यपालिका भन्नाले तमानखोला गाउँ कार्यपालिका सम्भ्रनु पर्दछ ।

(२) अस्पताल भन्नाले तमानखोला आधारभूत अस्पताल सम्भ्रनु पर्दछ ।

(४) समिति भन्नाले दफा ३, बमोजिम गठित अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सम्भ्रनु पर्दछ ।

(५) चिकित्सक भन्नाले नेपाल मेडिकल काउन्सीलमा दर्ता भएको चिकित्सक सम्भ्रनु पर्दछ ।

(६) कोष भन्नाले आधारभूत अस्पताल विकास कोषलाई सम्भ्रनु पर्दछ ।

**३. अस्पताल स्थापना तथा सेवा प्रवाह सम्वन्धि ब्यवस्थाः**

(१) संविधान तथा ऐनद्धारा प्रदत्त आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचको लागि बोंगादोभान स्वास्थ्य चौकीलाई ५ शैयाको आधारभूत अस्पातालमा स्तरोन्नती गरी स्वास्थ्य सेवा प्रवाह गरिने छ ।

**४.अस्पताल सञ्चालन तथा ब्यवस्थापन समितिः**

(१) समितिको गठनः

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(ग) सामाजिक विकास समितीको संयोजक - सदस्य

(घ) अध्यक्षले मनोनित गरेको निर्वाचित जनप्रतिनिधहरु मध्यबाट एक जना महिला अनिवार्य हुनेगरी दुई जना -सदस्य

(ङ) जग्गादाताहरु. मध्यवाट एक जना - सदस्य

(च) समितिले मनोनित गरेको स्थानीय ब्यापार संघको प्रतिनिधि मध्यवाट एक जना - सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(च) अस्पताल प्रमुख - सदस्य सचिव

(२) पदाधिकारीहरुको पदावधि : (क) ब्यवस्थापना समितीका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले ५ बर्षको हुनेछ ।

तर पदाधिकारीहरुको अवधि बाँकी रहदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा निर्वाचित जन प्रतिनिहिरुको पदावधि स्वतः समाप्त हुनेछ ।

**५.पदावधि रिक्त हुने :**

(क) मृत्यु भएमा

(ख) राजीनामा दिई स्वीकृत भएमा

(ग) बिना सूचना लगातार तीन पटक समितीको बैठकमा अनुपस्थि भएमा

(घ) फौजदारी अभियोग प्रमाणित भएमा

(ङ) अस्पतालको अहित हुने काम गरेको प्रमाणित भएमा

(च) गम्भिर मानसिक समस्या भएमा ।

**६.समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने,

(२) नीतिगत, कानूनी एवं संस्थागत ब्यवस्था अनुरुप अस्पताल संचालनका लागि आवश्यक निर्णय गरी कार्यपालिकामा पेश गर्ने,

(३) आधारभूत अस्पतालबाट संचालन हुने बार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन एवं प्रगति समिक्षा गर्ने,

(४) नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संसोधन) २०७८ बमोजिमका भौतिक संरचना, जनशक्ति तथा औजार उपकरण ब्यवस्थापन लगाएतका कार्यहरुको लागि समन्वय, सहजीकरण एवं सहकार्य गर्ने,

(५) अस्पताल संचालनको लागि पालिकाले दिएका निर्देशन र स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने गराउने,

(६) अस्पतालको बार्षिक कार्यक्रम तथा बजेट निर्माण गरी तोकिएको अवधिभित्र पालिकामा पेश गर्ने,
(७) अस्पतालको कार्य प्रगतिको नियमित मासिक, चौमासिक तथा बार्षिक प्रगतिको अनुगमन, लेखाजोखा तथा समिक्षा गरी योजना तर्जुम गर्ने,
(८) अस्पतालको मासिक, चौमासिक, तथा बार्षिक आय ब्ययको लेखांकन, निरिक्षण, अनुमोदन तथा लेखापरिक्षण गराउने,
(९) अस्पतालमा आवश्यक औषधी तथा सामाग्रीहरुको आपूर्ति, मर्मत सम्भार, संरक्षण एवं भण्डारण सम्बन्धी ब्यवस्थापन गर्ने,
(१०) अस्पतालको सेवा प्रवाहको बार्षिक लक्ष्य निर्धारण  तथा प्रगति हासिल गर्न आवश्यक रणनीति एवं क्रियाकलाप तय गर्ने,
(११) अस्पतालको स्वामित्वमा रहेको चल अचल सम्पतिको अभिलेख दुरुस्त राख्ने,
(१२) अस्पतालको सेवा प्रवाह सम्बन्धमा आएका गुनासाहरुको उचित सम्बोधन तथा ब्यवस्थापन गर्ने,
(१३) अस्पताल विकास कोषको ब्यवस्थापनको लागि अस्पताल संचालन तथा ब्यवस्थापन समितिको बैंक खाता संचालन गर्ने,
(१४) अस्पतालमा आवश्यक जनशक्ति आपूर्तिका लागि श्रोत ब्ययस्थापन गरी आवश्यक कार्य गर्ने,
(१५) अस्पतालमा कार्यरत जनशक्तिहरको मनोबल उच्च राखी कार्यप्रतिफल हासिल गर्न कार्यभार एवं कार्यप्रगतिको आधारमा सेवा सुविधा उत्प्रेरणाको ब्यवस्था गर्ने,
(१६) अस्पतालको भौतिक, आर्थिक, संस्थागत एवं सामाजिक वातावरणको सुरक्षाको लागि आवश्यक कार्य गर्ने ।

**७. अस्पताल विकास कोष :** (१) आधारभूत अस्पतालको आर्थिक एवं वित्तीय कार्य ब्यवस्थापनको लागि आधारभूत अस्पताल विकास कोष रहने छ ।
(२) अस्पताल प्रमुख, समितिले तोकेको १ जना अस्पतालको कर्मचारी र पालिकाको आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीको संयुक्त हस्ताक्षरबाट खाता संचालन गरिनेछ ।
(३)संघीय सरकार, प्रदेश सरकार, पालिका तथा अन्य जुनसुकै श्रोतबाट कानून बमोजिम प्राप्त रकम सो खातामा जम्मा गरिनेछ ।
(४) अस्पतालको विभिन्न सेवा शुल्क र दस्तुर वापत अस्पतालमा प्राप्त आम्दानी यस कोषमा दाखिला गर्नुपर्नेछ ।
(५) अस्पताल संचालन तथा ब्यवस्थापन समितीको निर्णय बमोजिम सो कोषको रकम परिचालन गरिनेछ ।
(६) अस्पताल विकास कोषको भुक्तान  भएको आर्थिक वर्षको कारोवारको अन्तिम लेखापरिक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनु पर्नेछ ।
**८. अस्पतालको सामान्य सेवा सम्बन्धी ब्यवस्थापन नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड ( पहिलो संसोधन) २०७८ बमोजिम गर्नु पर्नेछ ।**
**९. अस्पतालको स्वास्थ्य सेवा सञ्चालन :** (१) आधारभूत अस्पतालले प्रदान गर्ने सेवाहरु नेपाल सरकारको जनस्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची ७ बमोजिम सेवाहरु प्रदान गर्नु पर्नेछ ।
(२) बहिरंग र अन्तरंग चिकित्सकीय सेवा संचालन नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड ( पहिलो संसोधन) २०७८ को परिच्छेद ३ दफा ११ बमोजिमको गुणस्तर एवं मापदण्ड अनुसारको हुनु पर्नेछ ।
(३) आकस्मिक स्वास्थ्य सेवा अर्न्तगत नेपाल सरकारको जनस्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची

२ बमोजिम सामान्य आकस्मिक अवस्थाका स्वास्थ्य सेवाहरु उपलब्ध गराउनु पर्नेछ ।
(४) प्रयोगशाला सेवा नेपाल सरकारको स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड २०७७ को दफा ३० बमोजिम डी बर्गको प्रयोगशाला परिच्छेद ४ दफा १५ बमोजिमको गुणस्तर एवं मापदण्ड अनुसार संचालन गर्नु पर्नेछ ।
(५) रेडियो इमेजिङ सेवा नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संसोधन) २०७८ को दफा ४२ बमोजिमको स्तर र परिच्छेद ४ दफा २२ बमोजिमको गुणस्तर तथा मापदण्ड अनुसार सञ्चालन गर्नु पर्नेछ ।
(५) फार्मेसी सेवा नेपाल सरकारको जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा २९(४) को अधीनमा रही अस्पताल फामेंसी सेवा निर्देशिका २०७२ को निर्देशन पालना गरी स्वास्थ्य संस्था संचालन मापदण्ड - पहिलो संसोधन) २०७८ को दफा ४९ बमोजिम परिच्छेद ४ दफा १४ बमोजिमको गुणस्तर एवं मापदण्ड अनुसार सञ्चालन गर्नु पर्नेछ ।
(७) मेडिकोलिगल सेवा नेपाल सरकारको  जनस्वास्थ्य सेवा नियमावली २०७७ को नियम ९(१) र (२) तथा नियम १० अनुसूची ७ को अधीनमा रही मेडिकोलिगल सेवा सञ्चालन गर्नु पर्नेछ ।
(८) जनशक्ति व्यवस्थपान : नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ परिच्छद ३ दफा १८ बमोजिम गर्नुपर्नेछ ।
(९) विस्तारित सेवा सञ्चालन :  नेपाल सरकार जनस्वास्थ्य ऐन २०७५ को दफा ३१ को अधिकार प्रयोग गरी उपलब्ध श्रोत साधनको आधारमा आवश्यकता अनुसार विस्तारित अस्पताल सेवा सञ्चालन गर्न सक्नेछ ।
(१०) अन्यन्त्र सेव ागर्न नपाउने : नेपाल सरकार जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३२ को अधिनमा रही आधारभूत अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी वा अन्य कर्मचारीले अस्पतालले तोकेको समयमा अन्यत्र सेवा गर्न पाउने छैन ।
**१०. जनशक्ति ब्यवस्थापन :** (१) आधारभूत अस्पतालको जनशक्ति ब्यवस्थापन नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संसोधन ) २०७८ बमोजिम हुनेछ ।
तर आधारभूत अस्पतालको स्थायी दरवन्दी सृजना नहुन्जेलसम्म स्तरोन्नती गरिएको स्वास्थ्य चौकीको स्वीकृत स्थायी दरवन्दीमा रहेका तत्तत् समूहका कर्मचारीहरुलाई खटाई कामकाज गर्नुपर्नेछ ।
**११. सामाजिक सेवा सम्बन्धी व्यवस्था :** अस्पतालको सामाजिक सेवा सम्बन्धी ब्यवस्था देहाय बमोजिम हुनेछ :
(१) आधारभूत अस्पतालले सामाजिक सेवा ब्यवस्थापन कार्य सकेसम्म सामाजिक सेवा इकाईको व्यवस्था मार्फत गर्नेछ ।
(२) अस्पतालमा आउने विरामी एवं सेवाग्राहीहरुलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ तथा सहायता कक्षको व्यवस्था गर्नु पर्नेछ ।
(३) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेबारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत शैया छुट्याई  निःशुल्क उपचार गर्नु पर्नेछ ।
(४) सामाजिक सेवा सम्बन्धी सेवा २४ घण्टा उपलब्ध गराउनु पर्नेछ ।
(५) नागरिक वडापत्रमा सामाजिक सेवा सम्बन्धी सेवा समेत उल्लेख गर्नु पर्नेछ ।
(६) निःशुल्क तथा आंशिक शुल्क छुट सेवा लिने विरामीहरुको व्यवस्थित रुपमा अभिलेख राख्ने र सोको मासिक , चौमासिक, तथा बार्षिक प्रतिवेदन तयार गरी प्रष्ट देखिने गरी टाँस्ने तथा सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।
**१२. आधारभूत अस्पतालको चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको तलबभत्ता सम्बन्धी**

**व्यवस्था :**
(१) आधारभूत अस्पतालमा कार्यरत चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथ अन्य कर्मचारीहरुको तलबभत्ता लगाएतका सुबिधा नेपाल सरकार, गण्डकी प्रदेश सरकार तथा तमानखोला गाउँपालिकाको प्रचलित कानून अनुसार हुनेछ ।
(२) नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम आधारभूत अस्पतालको स्वीकृत दरबन्दीमा कार्यरत चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको तलब भत्ता संघीय सरकारबाट प्राप्त हुने अनुदानबाट व्यवस्था गर्नु पर्नेछ ।
(३) आधारभूत अस्पतालको कार्य एवं सेवा व्यवस्थापनको लागि नियूक्त चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरुको तलबभत्ता लगाएतका सुबिधा आधारभूत अस्पतालको आन्तरिक श्रोतबाट ब्यवस्थापन गर्नु पर्नेछ ।
(४) आधारभूत अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरुको तलब भत्ता बाहेकका थप अन्य सुविधा तमानखोला गाउँकार्यपालिकाले निर्णय गरी उपलब्ध गराउन सक्नेछ ।
**१३. मापदण्ड तथा अनुसूचीमा हेरफेरः** तमानखोला गाउँकार्यपालिकाले यस कार्यविधिमा उल्लेखित मापदण्डहरु आवश्यकता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ ।
**१४. ब्याख्या गर्ने अधिकार :** यस कार्यविधिमा उल्लेखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुनै दुबिधा उत्पन्न भई कार्यान्वयनमा बाधा आईपरेमा तमानखोला गाउँकार्यपालिकाको कार्यालयले सो मापदण्डको व्याख्या गर्नेछ ।

आज्ञाले,

ईश्वरलाल शाक्य

प्रमुख प्रशासकीय अधिकृत